# पाँच बर्षे रणनीतिक दिशा निर्देशको प्रारुप

(२०७६/७७ - २०८०/८१)

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

२०७६

## विषयसूची

रणनीतिक दिशा निर्देश - अवधारणागत खाका

**अध्याय १: पृष्ठभूमि**

१.१ पृष्ठभूमि

१.२ मुख्य कार्यादेश

१.३ बर्तमान अवस्था

१.४ पाँच बर्षे रणनीतिक दिशा निर्देशको औचित्य

**अध्याय २: पाँच बर्षे रणनीतिक दिशा निर्देश**

२.१ पृष्ठभूमि

२.२ दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, मान्यता, सिद्धान्त र रणनीति

२.३ मुख्य कार्यका विषयगत क्षेत्रहरु

२.४ स्रोत व्यवस्थापन

२.५ कार्यान्वयन व्यवस्था/विधि

२.६ संङ्गठनात्मक आन्तरिक संरचना

२.७ अनुगमन, प्रतिवेदन, मुल्याङ्कन र संप्रेषण

२.८ अपेक्षित नतिजाहरु

२.९ अनुमानित बजेट सारांस

२.१० तत्काल गर्नुपर्ने कार्यहरु

अनुसूची

हाललाई तीन बर्षका लागि अनुमानित बजेट

# १. रणनीतिक दिशा निर्देश - अवधारणागत खाका

**स्थिति:**

**सबल:**

- कानुन, नीति, संस्थागत संरचना, कार्यक्रम र विषयगत असल अभ्यास रहेको ।
- राबाअपमा असल अभ्यास र अनुभव भएको ।

**चुनौतीहरु:**

- कानुन, नीति, कार्यक्रम र संस्थागत उपायहरुलाई प्रभावकारी बनाउनु ।
- असल अभ्यास दीगो बनाउनु र जल्दाबल्दा सवालहरु सम्बोधन गर्नु ।
- नयाँ संरचनालाई सक्षम बनाउनु ।
- लगानीलाई मुलप्रवाहीकरण गर्नु ।

**अवसरहरु:**

- सरकारी र अन्य सरोकारवालाहरुको बढ्दो चासो
- बालमैत्री कानुनहरु, सक्रिय संघीय संरचना

→

**मुख्य कार्यहरु:**

- पैरवी, समन्वय र सहजीकरण
- नीति र कार्यविधि तयारी
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरुसंगको परामर्श
- क्षमता विकास
- बाल संरक्षण र सम्बोधन पद्दतिको सबलीकरण
- बाल संरक्षणका गहन सवालहरु व्यवस्थापन अभियान
- आम चेतना जागरण
- अनुगमन र मुल्याङ्कन व्यवस्थापन

→

**नतिजाहरु:**

- कानुन, नीति, कार्यक्रम र संस्थागत सबलीकरण भएको हुने
- बाल संरक्षण र सम्बोधन पद्दतिको सबलीकरण भएको हुने ।
- सरोकारवालाहरुको संयुक्त प्रयास प्रभावकारी भएको हुने ।
- अनुगमन र मुल्याङ्कन व्यवस्थित भएको हुने ।
- राबाअप, प्रबाअस, स्थाबाअस र अन्य संस्थामा विज्ञता हासिल हुने
- जोखिममा रहेका बालबालिकाको जीवनमा सुधार भएको हुने ।

→

**लक्ष्य:**

बाल अधिकारको सुनिश्चितता

# अध्याय १: पृष्ठभूमि

## १.१ पृष्ठभूमि

नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ अनुसार राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ र तत्कालीन केन्द्रीय बाल कल्याण समितिलाई यस परिषद्मा रुपान्तरण गरिएको छ । प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति यथाशक्य चाँडो गठन हुने अपेक्षा गरिएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद् विकास प्रक्रियामा बाल अधिकार सुनिश्चित गर्ने सिलसिलामा बाल अधिकारका विषयहरु सम्बोधन गर्ने कार्यमा बहुक्षेत्रगत सरोकारवालाहरु संग पैरवी, समन्वय, सहजीकरण र अनुगमन कार्य गर्नका लागि विशिष्टिकृत संस्था हो । यस क्रममा यस परिषद्ले बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ उन्मुख हुन र यस रणनीतिक दिशा निर्देशको मर्ममा न्युनतम साझा बुझाई विकास गर्दै प्रदेश एवम् स्थानीय बाल अधिकार समितिको क्षमता विकास गर्न सर्वप्रथमत: आफ्नै क्षमता विकास गर्न जरुरी देखिन्छ ।

एकातर्फ, राष्ट्रिय बाल अधिकार परिषद्ले हालसम्मका असल अभ्यासलाई निरन्तरता दिनुपर्नेछ भने अर्कोतर्फ समस्या, चुनौती र जोखिममा रहेका बालबालिकाका जल्दाबल्दा सवालहरुलाई प्रभावकारीरुपमा सम्बोधन गर्नुपर्नेछ ।

बदलिँदो संघीय संरचनामा समाजवाद उन्मुख सामाजिक-आर्थिक विकास प्रक्रियाको मर्म सम्बोधन गर्न संस्थागत संरचना र विकासका कार्यक्रमहरु सुधार हुँदैछ । यस सिलसिलामा सामान्यत: सबै बालबालिका एवम् जोखिममा रहेका बालबालिकाका विषयहरुलाई प्राथमिकताका साथ एकीकृत गर्न जरुरी छ ।

विगतका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य र संरक्षणजस्ता क्षेत्रहरुमा बढेको लगानी, बढ्दो जनचेतना, सरोकारवालाहरुमा बालबालिकाको विषयमा बढेको चासो, जोखिममा रहेका बालबालिकाको समस्या सम्बोधन गर्ने कार्यहरु, सरोकारवालाहरुबीच बढेको समन्वय र सहकार्यहरु असल अभ्यासहरु महसुस गरिएका छन् । यसको परिणामस्वरुप बालबालिकासम्बन्धी सूचकहरुमा सुधार आएको छ ।

बर्तमान संघीय संरचनामा सबै तहका सरकारहरुबाट विकास प्रयासमा बालबालिकाको विषयलाई प्राथमिकता दिनु अति आवश्यक देखिएको छ ।

बालबालिकाका लागि गरिने खर्च वास्तवमा खर्च हैन, बरु देशको सर्वाङ्गीण विकासका लागि गरिने लगानी हो । त्यसैले जोखिममा रहेका बालबालिकालगायत सबै बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनार्थ अग्रगामी रणनीति तय गरी कार्य गर्नु जरुरी छ । सरकारले बालबालिकाको शिक्षा र स्वास्थ्यका लागि धेरै बजेट विनियोजन गर्दै आएता पनि अझै पनि निकै बालबालिका शिक्षा र स्वास्थ्यको अधिकारबाट बञ्चित भइरहेका छन् । जोखिम तथा कठीन अवस्थामा रहेका बालबालिकाकालागि अझ धेरै कार्यहरु गर्नुपर्ने देखिएको छ । यस रणनीतिक दिशा निर्देशले खासगरी अधिकारबाट बञ्चित बालबालिकाको संरक्षण र विकासका लागि जोड दिने सोच राखेको छ ।

## १.२ राष्ट्रिय बाल अधिकार परिषद्‌को मुख्य कार्यादेश


नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ का प्रावधानहरु अनुसार बाल अधिकार संरक्षण र सम्वर्द्धन गर्ने क्रममा पैरवी, समन्वयात्मक र सहजीकरणजस्ता कार्यहरु गर्नकालागि राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । सामान्यतः यस परिषद्‌ले बाल अधिकारको संरक्षण र प्रवर्द्धनार्थ कानुन, नीति, कार्यक्रम, लगानीजस्ता विषयमा थप जोड दिन पैरवी गर्ने लगायत सूचना व्यवस्थापन, प्रतिवेदन प्रकाशन, चेतना जागरण, समन्वय, सहकार्य, सहजीकरणका कार्यहरु गर्नेछ । विस्तृत कार्यादेश बालबालिकासम्बन्धी नियमावलीमा समावेश हुनेछ ।

## १.३ बर्तमान स्थिति


बालबालिकासंग सम्बन्धित कानुनी, नीतिगत, योजना, संस्थागत र कार्यक्रमगत विषयहरु नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेदेखिनै सुधार हुँदै आएका छन् । विषयगत मन्त्रालयहरुले राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएका छन् र बालबालिकासम्बन्धी कार्यक्रमकालागि लगानी बृद्धि गरिरहेका छन् भने सूचना व्यवस्थापनको कार्य पनि क्रमशः सुधार हुँदै आएको छ । करिब एक दशकभन्दा अघिदेखि बालबालिकाको स्थिति प्रतिवेदन लगायत अन्य सामाग्रीहरु प्रत्येक वर्ष प्रकाशन गरिँदै आएको छ । सरोकारवालाहरुबीचको समन्वयमा उल्लेख्य सुधार भएको छ । बालबालिकासंग सम्बन्धित सूचकहरुमा उल्लेख्य सुधार आएको छ ।

**क. बालबालिकाको जनसंख्या:** कूल जनसंख्यामा १८ वर्षमुनिका बालबालिकाको प्रतिशत २०४८ सालको जनगणनादेखि क्रमशः घट्ने क्रममा रहको छ ।

चित्र - १




चित्र - १




माथिको चित्र १ मा २०४८ सालको जनगणनामा भन्दा २०५८ सालको जनगणनामा बालबालिकाको जनसंख्या २.५४ प्रतिशत विन्दुले घटेको र २०५८ सालको जनगणनामा भन्दा २०६८ सालको जनगणनामा ३.३८ प्रतिशत विन्दुले घटेको देखिएको छ । यसैगरी पाँच वर्षमुनिका बालबालिकाको जनसंख्या पनि उपरोक्त जनगणनाको अवधिमा क्रमशः २.५३ र २.४२ प्रतिशतले घटेको देखिएको छ । यसबाट नेपालमा बालबालिकाको जनसंख्याको प्रतिशत प्रत्येक दशकमा घट्ने क्रममा रहेको पाइएको छ । सामान्यतयाः स्वास्थ्य सेवा सुधारोन्मुख रहेकोले परिवार बालमृत्युको उच्च जोखिम नरहेकोमा विश्वस्त भएको, परिवार नियोजनप्रति जनचेतना अभिबृद्धि भएको, सन्तानोत्पादन उमेरका पुरुष तथा महिला उत्पादनशील कार्यमा

पहिलाभन्दा बढी संलग्न भएको, बैदेशिक रोजगारमा जानेको संख्या अध्यधिक रुपमा बढ्न गएको र संयुक्त परिवारबाट एकल परिवारको दिशामा उन्मुख भएको अनुमान गर्न सकिन्छ ।

कूल जनसंख्यामा बालबालिकाको प्रतिशतमा कमी आएता पनि बालबालिकाको जनसंख्यामा भने केही बढेको देखिन्छ (तालिका १) ।

तालिका १: २०४८, २०५८ र २०६८ को जनगणनामा बालबालिकाको जनसंख्या र प्रतिशत


| जनगणना | कूल जनसंख्या | बालबालिकाको जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| २०४८ | १८,४९१,०९७ | ८,९२३,६२१ | ४८.२६ |
| २०५८ | २३,१५१,४२३ | १०,५८५,७९१ | ४५.७२ |
| २०६८ | २६,४९४,५०४ | ११,०८४,३११ | ४१.८४ |

माथिको तालिकाबाट कूल जनसंख्यामा २०४८ सालको जनगणनादेखि पछिका प्रत्येक जनगणनामा बालबालिकाको प्रतिशत कम हुँदै गए पनि बालबालिकाको संख्यामा भने केही बढेको देखिएको छ । २०६८ सालको जनगणनामा भने न्यून संख्या मात्र बढेको देखिन्छ । यो क्रम निरन्तर भएमा आउँदो जनगणनामा बालबालिकाको संख्या बढ्छ नै भन्ने आशंका रहने देखिन्छ ।

जन्मदरमा आएको कमि वा परिवर्तनबाट नेपालको जनसंख्याको आकार/पिरामिडमा नै उल्लेख्य परिवर्तन हुँदै आएको छ (चित्र ३) ।

**चित्र ३: २०४८ सालको अवधिदेखि २०७७ सालसम्मको जनसंख्याको आकार/पिरामिडको झलक**

२०४८ सालको झलक | २०७२ सालको झलक | २०४८ सालको झलक



*Source: Website-worldlifeexpectancy.com/Nepal-population-pyramid*

**ख. केही समष्टीगत सूचिहरु र बालबालिकाको स्थितिः** नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेदेखिनै बालबालिकाको विषयमा लगानी र चासो बढाउँदै आएको छ भने विकासका साझेदार संस्थाहरुबाट पनि बालबालिकासम्बन्धी विविध कार्यहरु गरिरहेका छन् । फलस्वरुप बालबालिकाको स्थितिमा उल्लेख्य सुधार हुँदै आएको देखिएको छ (तालिका २) ।

तालिका २: समष्टीगत सूचकहरु र बालबालिकाको स्थिति

| क्रसं | सूचक | १९९१/९२ | २०१७/१८ |
|---|---|---|---|
| १. | कूल जनसंख्यामा बालबालिकाको प्रतिशत | ४८.२८ | ४१.८४ |
| २. | प्राथमिक तहमा खुद भर्नादर© | ६४ | ९७.२ |
| ३. | माध्यमिक (कक्षा ९-१०) तहमा खुद भर्नादर© | - | ६५.९ |
| ४. | उच्चमाध्यमिक (कक्षा ११-१२) तहमा खुद भर्नादर© | - | २२ |
| ५. | प्राथमिक तहमा छात्राको अनुपात© | ०.५६ | १.०९ |
| ६. | माध्यमिक (कक्षा ९-१०) तहमा छात्राको अनुपात© | ०.४३ | १.० |
| ७. | नवजात शिशु मृत्युदर (प्रति हजारमा)¥ | ५० | २१ |
| ८. | शिशु मृत्युदर (प्रति हजारमा)© | १०८© | ३२¥ |
| ९. | बाल मृत्युदर (प्रति हजारमा)© | १६२ | ३८ |
| १०. | कुपोषण (ख्याउटे) - ६ देखि ५९ महिनाका बालबालिका | ५७© | २७¥ |
| ११. | कुपोषण (पुड्को) - ६ देखि ५९ महिनाका बालबालिका | ६०© | ३६¥ |

*Note: Close year's data has been used in case of unavailability of data for particular year.*

© MDGs: Final report of Nepal, 2000-2015, NPC, 2016

¥ Nepal Demographic Health Survey, 1996-2016

® Census, Central Bureau of Statistics, 1991, 2001 and 2011

## ग. समस्या तथा चुनौतीहरु

- नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेदेखिनै कानुन, नीति, योजना, कार्यक्रम, संस्थागत व्यवस्थाजस्ता विषयहरुमा थप ध्यान दिँदै बाल शिक्षा, स्वास्थ्य तथा संरक्षणमा प्रत्येक वर्ष लगानी बढाउँदै आएता पनि जोखिम तथा संकटमा रहेका बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्दै उनीहरुको जीवनमा सुधार गर्ने कार्य चुनौतीको रुपमा देखिएको छ ।

- सामान्यतया: बालबालिकाका लागि सेवा प्रदान गर्ने संस्थागत व्यवस्थामा सुधार हुँदै आएता पनि बाल संरक्षणका विषयहरु सम्बोधनार्थ कार्यरत संस्थाहरुको बालमैत्री दृष्टिकोणबाट क्षमता विकास गर्नु र बाल संरक्षण प्रणाली सुदृढीकरण गर्नु चुनौती रहेको छ ।

- बालबालिकाको विषय सरकारी तथा विकासका साझेदार संस्थाहरुको साझा जिम्मेवारी देखिएता पनि बालबालिकाका विविध सवालहरु प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि यस्ता संस्थाहरुको संवेदनशीलता र जिम्मेवारी पर्याप्त देखिँदैन । यसर्थ, प्रत्येक बालबालिकाको आधारभूत आवश्यकता र अधिकार सुनिश्चित गर्नु ठूलो चुनौती रहेको छ ।

- प्रत्येक दिनजसो देशका विभिन्न भागहरुमा बालबालिकाविरुद्धका अमानवीय व्यवहार तथा हिंसाका घटनाहरु प्रकाशमा आइरहेका हुन्छन् । यस्ता घटनाहरुको न्यूनीकरण तथा त्यस्ता घटनाहरुविरुद्ध समयमै कार्यवाही गरी बालबालिकाका लागि सुरक्षित वातावरण सिर्जना गर्नु अर्को ठूलो चुनौती देखिएको छ ।

## घ. अवसर तथा सम्भावनाहरु

- बालमैत्री कानुनहरु कार्यान्वयनमा रहेका छन् ।
- राष्ट्रिय बाल अधिकार परिषद् तथा प्रदेश र स्थानीय बाल अधिकार समितिहरु बालबालिकाको विषयमा कार्य गर्ने विशिष्टीकृत निकायको रुपमा रहेका छन् ।
- संयुक्त राष्ट्रसंघीय लगायत बालबालिकासम्बन्धी कार्य गर्ने विकासका साझेदार संस्थाहरु सरकारी निकायको क्षमता विकास र बालबालिकाकालागि कार्य गर्न उत्सुक रहेका छन् ।
- सबै तहका सरकारहरु बालबालिकाको विषयमा कार्य गर्न अग्रसर भएका छन् ।

## ङ. २०४८ सालदेखि २०७५ सालसम्म देखिएका परिवर्तन **(Paradigm Shift)**

| २०४८ | २०७५ |
|---|---|
| संविधानमा बालबालिकासम्बन्धी महत्वपूर्ण प्रावधानहरु थिएन | नेपालको संविधान, २०७२ बाल अधिकारको दृष्टिकोणबाट उत्कृष्ट मानिएको छ |
| बालबालिकासम्बन्धी छुट्टै विशेष कानुन थिएन | बालबालिकासम्बन्धी ऐन, २०४८ र २०७५, श्रम ऐन २०५५ का साथै अन्य कानुनी व्यवस्थाहरु भएका छन् |
| बालबालिका केन्द्रित छुट्टै संस्थागत व्यवस्था थिएन | बालबालिकासम्बन्धी मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति हुँदै अहिले राष्ट्रिय बाल अधिकार परिषद् लगायत विभिन्न मन्त्रालय र विभागमा बालबालिकासम्बन्धी महाशाखा तथा शाखा एवम् बाल हेल्पलाइन, बालबालिका खोजतलास केन्द्र, महिला तथा बालबालिका सेवा केन्द्र, बालक्लव आदिको व्यवस्था भएको छ । |
| आवधिक योजनामा बालबालिकासम्बन्धी ज्यादै थोरै विषय समावेश भएको | आवधिक योजनामा बालबालिकाको लागि छुट्टै अध्याय लगायत अन्य विषयगत क्षेत्रहरुमा पनि समावेश गरिएको छ । |
| बालबालिकाको विषयमा राष्ट्रिय कार्ययोजना नरहेको | बालबालिकाको राष्ट्रिय कार्ययोजना, बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना लगायत शिक्षा, पोषण जस्ता विषयमा पनि राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेको छ । |
| बालबालिकाकालागि कल्याणकारी सोचमा केही विषयगत कार्यक्रम रहेको | शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका विषयहरुमा अधिकारमुखी दृष्टिकोणबाट कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । |
| राष्ट्रिय बालबालिकासम्बन्धी नीति नरहेको | राष्ट्रिय बालबालिकासम्बन्धी नीति, बालमैत्री स्थानीय शासन सञ्चालन लगायतका नीतिहरु रहेका छन् । |
| बाल संरक्षणसम्बन्धी विषयहरुमा खासै कार्यविधि तथा निर्देशिकाहरु नभएको | आवासीय बालगृह सञ्चालन, सडक बालबालिका व्यवस्थापन लगायतका विषयमा कार्यविधि तथा निर्देशिकाहरु कार्यान्वयनमा रहेका छन् । |

| | |
|---|---|
| भएका कार्यक्रमहरु कल्याणकारी सोचमा रहेको | कानुन, नीति, योजना तथा कार्यक्रमहरु अधिकारमुखी सोचमा कार्यान्वयनमा आएको छ । |
| बालबालिकासम्बन्धी ज्यादै सीमित सूचना उपलब्ध हुने | बालबालिकासम्बन्धी विविध विषयगत सूचना व्यवस्थापन हुन थालेको छ । |
| बालबालिका लक्षित ज्यादै सीमित सामाजिक सुरक्षा कार्यक्रम रहेको | बालबालिका लक्षित उल्लेख्य सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा रहेको छ । |
| बालबालिकासम्बन्धी ज्यादै सीमित संवेदनशीलता र चासो रहेको | सरकारी र गैरसरकारी क्षेत्रमा बालबालिकासम्बन्धी संवेदनशीलता र चासो उल्लेख्य रुपमा बढ्दै आएको छ । |
| जोखिममा रहेका बालबालिकाका लागि ज्यादै सीमित सहयोग तथा कार्यक्रम रहेको | जोखिम, आपत र विपद्मा रहेका बालबालिकाका लागि उल्लेख्य कार्यहरु हुने गरेको छ । |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोग तथा हेरचाह गर्ने संस्थाहरु ज्यादै सीमित रहेको | सरकारी र गैरसरकारी क्षेत्रमा प्रशस्त संस्थाहरु सक्रिय रहेका छन् । |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित ज्यादै सीमित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय/स्थानीय गैरसरकारी संस्थाहरु रहेको | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित उल्लेख्य संख्यामा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय/स्थानीय गैरसरकारी संस्थाहरु क्रियाशील रहेका छन् । |

## १.४ रणनीतिक दिशा निर्देशको औचित्य

क. राष्ट्रिय बाल अधिकार परिषद्ले सकेसम्म बढी प्रयास गर्नुछः केन्द्रीय बाल कल्याण समितिले शुरुवातीका समयदेखि बालबालिकाको संरक्षण र अधिकारकालागि नीति, योजना, कार्यान्वयन, अनुगमन र प्रतिवेदनको विषयमा पैरवी र प्रयास गर्दै आएको थियो र, सरकार र विकासका साझेदार संस्थाहरुको सहयोगमा बालबालिकासम्बन्धी विविध कार्यहरु गर्दै आएको थियो । यस क्रममा केही असल अभ्यासबाट महसुस हुने गरी बालबालिकाको क्षेत्रमा नतिजा आएका थिए भने अझै बालबालिकाको गहन सवालहरुको सम्बोधन गर्नुपर्ने, विविध समस्याहरु (सडक, अनाथ, अपाङ्गता भएका, बेचविखन/ओसारपसारमा परेका, विविध हिंसा र शोषणमा परेका एवम् जोखिममा रहेका बालबालिकाका समस्याहरु लगायत बालविवाह, बालश्रम, आदि) समाधान गर्नुपर्ने, उपलब्ध अवसरहरुको अधिकतम उपयोग र स्रोत व्यवस्थापन गरी बाल अधिकार सुनिश्चितताको दिशा अग्रगामी सोचका साथ अगाडि बढ्न आवश्यकता भएको छ । यसर्थ, यो परिषद्ले रणनीतिक दिशा पहिल्याई आफ्ना प्रयास गर्नु सख्त जरुरी छ ।

ख. क्षमता विकासः नयाँ स्थापित राष्ट्रिय बाल अधिकार परिषद् एवम् प्रदेश र स्थानीय बाल अधिकार समिति सरकार र विकासका साझेदारहरुसंग बालबालिकाको अन्तरसम्बन्धित विषयहरुको सम्बोधन तथा समन्वय गर्ने विशेष संस्था हो । यी संस्थाहरुको क्षमता विकास गरी बालबालिकाको क्षेत्रमा सशक्त कार्य गर्नु र अन्य सरोकारवालाहरुलाई सहजीकरण गर्नु जरुरी छ । यी संस्थाहरुले हालसम्मका असल अभ्यासलाई निरन्तरता दिनुछ, बालबालिकाकालागि

समन्वयात्मक र प्रभावकारी रुपमा सिर्जनात्मक कार्यहरु गर्नुछ । यसकालागि यी संस्थाहरु लगायत अन्य सरोकारवाला संस्थाहरुको क्षमता र समबुझाई विकास गर्नु आवश्यक छ ।

ग. सहकार्य (Synergy) विकासः सम्बद्ध सरकारी र विकासका साझेदार संस्थाहरु बालबालिकाको विषयमा संवेदनशील रहँदै आएका छन् । तथापी, बाल अधिकार सुनिश्चितताकालागि अझ निकै कार्यहरु गर्नुपर्नेछ । तसर्थ, बालबालिकाको विषयमा कार्य गर्ने सबै सरोकारवालाहरुबीचका संघ, प्रदेश र स्थानीय तहमा समन्वय र सहकार्यलाई सशक्त बनाउनु पर्नेछ ।

घ. बालबालिकाको गम्भीर विषयलाई अभियान कै रुपमा सञ्चालनः सरकारी र विकासका साझेदार संस्थाहरुले बाल संरक्षणका विभिन्न विषयहरुमा (बालश्रम, बालविवाह, सडक बालबालिका, यौन शोषण, आदि) कार्य गर्दै आएता पनि अनाथ तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विषयमा अझै थुप्रै कार्यहरु गर्नुपर्नेछ । यी विषयहरुमध्ये सडक बालबालिका, अनाथ बालबालिका, अपाङ्गता भएका बालबालिकाका विषयहरुलाई अभियान कै रुपमा सञ्चालन गर्नु जरुरी देखिएको छ ।

ङ. बालबालिकासम्बन्धी सूचना व्यवस्थापनः केन्द्रीय तथ्याङ्क विभागले जनगणना, जीवनस्तर सर्भे, श्रम सर्भे लगायत बालबालिका र महिला लक्षित मिक्स अध्ययन गर्ने गरेको छ भने शिक्षा र स्वास्थ्यसम्बन्धी सूचना व्यवस्थापन भएको छ । यसबाहेक बाल संरक्षणको विषयमा केन्द्रित अध्ययनहरु गर्नुपर्ने देखिएको छ । बालबालिकासम्बन्धी खण्डीकृत सूचना व्यवस्थापनका लागि राष्ट्रिय बाल अधिकार परिषद्मा सूचना व्यवस्थापन कार्य राम्रो बनाउन आवश्यक छ ।

यस पृष्ठभूमिलगायत हालको राजनीतिक, संस्थागत र प्रशासनिक परिप्रेक्षमा राष्ट्रिय बाल अधिकार परिषद्ले बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ अग्रसर हुन एउटा रणनीतिक दिशा निर्देश खाका बनाई अगाडि बढ्न आवश्यक महसुस गरी यो खाका तयार गरेको छ ।

# अध्याय २: पाँच वर्षे रणनीतिक दिशा निर्देश

## २.१ पृष्ठभूमि

राष्ट्रिय बाल अधिकार परिषद् प्रत्येक बालबालिका न्यायोचित समाजमा जीवनयापन गरेको र सबै बालबालिका आफ्नो अधिकार पाउन सशक्त भएको स्थितिको अपेक्षा गर्दछ । राज्यले बालमैत्री वातावरणको विकास र बालबालिकाविरुद्ध हुने सबै किसिमका विभेदको अन्त्य गर्दै बालबालिकाको जीवनस्तर सुधार्नकालागि अथक प्रयास गर्नु पर्दछ । यस क्रममा यस परिषद्ले सबै तहका सरकारी, विकासका साझेदार संस्थाहरु, नागरिक समाज र निजी क्षेत्रसंग समन्वय, सहकार्य गर्दछ । यसबाट बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन हुन्छ ।

## २.२ दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, मान्यता, सिद्धान्त र रणनीति

क. दुरदृष्टीः प्रत्येक बालबालिका सुहाउँदो देश ।

ख. ध्येयः बाल अधिकारका विषयहरुमा सहजीकरण गर्नका लागि राष्ट्रिय बाल अधिकार परिषद्लाई उत्कृष्ट संस्थाको रुपमा विकास गर्ने ।

ग. लक्ष्यः बाल अधिकारको सुनिश्चितता ।

घ. मुल्य/मान्यता र विस्वासः

१. प्रत्येक बालबालिकामा क्षमता अन्तरनिहित हुन्छ र उनीहरुको व्यक्तित्व विकासका लागि आधारभूत सेवासुविधाको आवश्यक हुन्छ ।
२. प्रत्येक बालबालिका देशको लागि मानव पुँजी विकासको आधारशीला हो ।
३. राज्य सञ्चालनका संयन्त्रहरुबाट सहयोगापेक्षी बालबालिका प्रतिको उत्तरदायित्व र जिम्मेवारी सशक्त हुनु पर्दछ ।
४. बालबालिकाका लागि प्रत्येक संस्थाले योगदान दिन सक्छ ।

ङ. सिद्धान्तः

१. अविभेद एवम् सकारात्मक विभेद
२. बालबालिकाको उच्चत्तम हित
३. बालबालिकाको बाँच्न पाउने अधिकार
४. बालबालिकाको भावना तथा विचारको कदर
५. विशेषज्ञ संस्थाहरुको पहिचान/महत्तम

## च. उद्देश्यः

यो रणनीतिक दिशा निर्देशको मुख्य उद्देश्य बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धनार्थ राष्ट्रिय बाल अधिकार परिषद् लगायत प्रदेश र स्थानीय बाल अधिकार समितिको क्षमता अभिबृद्धि गर्नु रहेको छ। विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१. स्थानीयदेखि संघीय स्तरसम्म बालमैत्री वातावरण विकास गर्ने ।

२. बाल संरक्षण पद्दतीलाई सवलीकरण गर्न योगदान गर्ने ।

३. बालबालिकासम्बद्ध सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने ।

४. विकास प्रक्रियामा बालबालिकाको विषयहरुलाई मूलप्रवाहीकरण गर्न संघ, प्रदेश र स्थानीय तहमा सहजीकरण गर्ने ।

५. अनुगमन र मुल्याङ्कन व्यवस्था सुदृढ गर्ने ।

## छ. रणनीतिहरु

यो रणनीतिक दिशा निर्देशका उद्देश्यहरु हासिल गर्नको लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

१. बाल अधिकार महासन्धि अनुसार बालमैत्री कानुन, नीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारसंग पैरवी गर्ने ।

२. अनाथ, सडकमा जीवनयापन गर्ने, यौन शोषण र दूर्व्यवहारको जोखिममा परेका, शोषण तथा कठीन अवस्थामा रहेका बालबालिका र बालगृहजस्ता बाल संरक्षणका विषयहरु प्रभावकारी रुपमा सम्बोधन गर्नकोलागि मापदण्ड निर्माण गर्ने ।

३. सरकारी, विकासका साझेदार र निजी क्षेत्रबीच समन्वय, सहकार्य र सञ्जाल विकास गर्ने ।

४. बाल अधिकार र संरक्षणका विषयहरुलाई समयसापेक्षरुपमा सम्बोधन गर्नकोलागि राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश र स्थानीय बाल अधिकार समिति एवम् अन्य सरोकारवाला संस्थाहरुको क्षमता विकास गर्ने । साथै, राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकारको दृष्टिकोणबाट योजना तर्जुमा, अनुगमन, समन्वय, सहजीकरण र पैरवी गर्न सक्षम बनाउने ।

५. बालबालिकाको विषय तथा सवालहरुलाई समयसापेक्ष रुपमा अगाडि बढाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सीमा निकटका विज्ञ समुहसंग समय समयमा परामर्श गर्ने र सोअनुसार नयाँ प्रयास गर्ने ।

६. सरकार र विकासका साझेदार संस्थाहरुबाट बाल संरक्षणका विषयहरुमा प्रयास गर्दागर्दै पनि बाल संरक्षण प्रणाली सुदृढ गर्न निकै काम गर्नुपर्ने देखिएको छ । यसर्थ, बाल संरक्षण प्रणाली र सम्बोधनमा सुधार गर्न योगदान गर्ने ।

७. समयसापेक्ष रुपमा बाल अधिकार र संरक्षणका सवालहरु सम्बोधनार्थ सिर्जनात्मक र नयाँ उपागमहरु अवलम्बन गरी उपयुक्त प्रयास गर्न सहयोग पुऱ्याउन राष्ट्रिय बाल अधिकार परिषद्मा बाल अधिकारका विज्ञ समुहको गठन गर्ने ।


८. बालबालिकासम्बन्धी चेतना जागरणका कार्यहरु गर्ने ।

९. आर्थिक स्रोत व्यवस्थापन गर्ने -

- संघ, प्रदेश र स्थानीय सरकारबाट बालबालिकाका लागि लगानी बृद्धि गर्न पैरवी गर्ने ।
- संयुक्त राष्ट्रसंघीय निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसंग कार्यक्रमको साझेदारी अभिबृद्धि गर्ने ।
- बहुपक्षीय, द्विपक्षीयलगायत विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता संस्थाहरुसंग कार्यक्रम सहयोगका लागि पैरवी तथा अनुरोध गर्ने ।
- स्वदेश र विदेश स्तरबाट परियोजनाको प्रस्ताव आह्वान गर्दा प्रतिस्पर्धा गरी परियोजना सञ्चालन गर्न प्रयास गर्ने ।
- निजी क्षेत्रसंग सहकार्य तथा कार्यक्रम सहयोगका लागि छलफल तथा अनुरोध गर्ने ।

## २.३ मुख्य कार्य क्षेत्रहरु

राष्ट्रिय बाल अधिकार परिषद्ले आफ्नो कार्यादेश अनुसार बालबालिकाको विषयमा नतिजामूलक कार्य गर्नकालागि निम्नानुसारका मुख्य विषयहरुमा कार्य गर्ने सोच राखेको छ :



## मुख्य कार्य क्षेत्रहरुको संक्षिप्त व्याख्या

### कार्य क्षेत्र १: बालमैत्री कानुन, नीति, कार्यक्रम र कार्यान्वयन उपायहरुसम्बन्धी पैरवी, सहजीकरण र समन्वय

राष्ट्रिय बाल अधिकार परिषद्ले बालमैत्री कानुन, नीति, योजना, कार्यक्रमजस्ता विषयमा कार्यान्वयन अभिबृद्धि गर्नकालागि र बालमैत्री वातावरण विकास गर्नकालागि आफ्ना थप प्रयासहरु गर्नेछ । यस क्रममा संघ, प्रदेश र स्थानीय सरकारसंग पैरवी गर्नुको साथसाथै बालमैत्री नीति तथा योजना तर्जुमाकालागि सहजीकरण समेत गर्नेछ ।

### कार्य क्षेत्र २: नीति तथा मापदण्डहरु निर्माण

राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिकासम्बन्धी वर्तमान नीति, निर्देशिका र मापदण्डहरु पुनरावलोकन गरी सडक बालबालिका, बालगृह, अनाथ बालबालिका, बालबालिका ओसारपसार, आपतकालीन तथा मानवीय सहयोगलगायत बाल हेल्पलाइन, बालबालिका खोजतलाससम्बन्धी का आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्डा निर्माण गर्नेछ ।

### कार्य क्षेत्र ३: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ वा सरोकारवालाहरुसंग परामर्श

संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धिका प्रावधानअनुसार बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै बाल अधिकार सुनिश्चितताका लागि निकै प्रयास गर्नुपर्नेछ । बालबालिकाको विषय विभिन्न विषयगत क्षेत्रहरुसंग अन्तरसम्बन्धित छ । त्यसैले समस्याहरु सम्बोधन गर्दै, चुनौतिहरुको सामना गर्दै र उपलब्ध अवसरहरुको दोहन गर्दै बालबालिकाकालागि नतिजामूलक कार्यहरु गर्न अन्तरसम्बन्धित निकायहरु एवम् विज्ञहरुको संयुक्त चासो र प्रयासको आवश्यकता पर्दछ । यस सन्दर्भमा राष्ट्रिय बाल अधिकार परिषद्ले परिषद्भित्र बाल अधिकारको विषयका विज्ञहरुको समुहसं आवश्यकतानुसार सल्लाह सुझाव लिनेछ भने मूलतः बालबालिका ओसारपसार र बेचविखनको सवालमा छिमेकी देशका सम्बद्ध निकाय वा विज्ञहरुसंग समेत परामर्श लिने प्रयास गर्नेछ । यस किसिमको परामर्शबाट प्राप्त सुझावहरु कार्यान्वयनमा प्राथमिकता दिइनेछ । यसबाट बाल संरक्षण र अधिकारको विषयमा गरिने प्रयास र नतिजामा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

### कार्य क्षेत्र ४: संस्थागत क्षमता विकास

बाल संरक्षण र अधिकारका विषय नेपालमा नयाँ हैन तर परिवर्तित संघीय संरचनामा गठित राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश र स्थानीय बाल अधिकार समितिजस्ता नयाँ संरचनालगायत अन्य सरोकारवाला संस्थाहरुको क्षमता विकास गरी बालबालिकाको विषयमा अझबढी नतिजामूलक ढङ्गबाट कार्य गरी बाल संरक्षण, प्रवर्द्धन र बाल अधिकार सुनिश्चित गर्नेतर्फ उन्मुख हुन आवश्यक छ । यस सिलसिलामा उपर्युक्त संस्थाहरुको नीति, योजना, मापदण्ड निर्माणलगायत सूचना व्यवस्थापन, अनुगमन र मुल्याङ्कनको कार्य दक्ष र चुस्त रुपमा सम्पन्न गर्न क्षमता विकासमा ध्यान केन्द्रित गर्नु आवश्यक रहेको छ । यस क्रममा यस परिषद्ले अनुशिक्षण, अन्तरक्रिया, तालिमजस्ता कार्यहरु गर्नेछ ।

### कार्य क्षेत्र ५: बाल संरक्षण प्रणाली सुदृढीकरण र बाल संरक्षण विषय सम्बोधन

नेपाल सरकारले विगतका केही दशकदेखि बालबालिकासम्बन्धी शिक्षा, स्वास्थ्य, संरक्षणजस्ता विषयगत कार्यहरुमा थप ध्यान दिँदै आएको छ । यस अनुसार बालबालिकासम्बन्धी सूचकहरुबाट उल्लेख्य सुधार भएको देखिएको छ । तथापी, जोखिम, समस्या, शोषण, दूर्व्यवहार र सङ्कटमा रहेका बालबालिकाको सवालहरु सम्बोधन भने जटिल रहेको छ । बालबालिका विरुद्धका अमानवीय/क्रुर हिंसात्मक घटनाहरु प्रत्येक दिनजसो प्रकाशमा आउने गरेका छन् । यस्ता बाल संरक्षणसंग सम्बन्धित कार्यहरु समयसापेक्ष र तुरुन्तै सम्बोधन गर्नका लागि एकातिर सरकारले बाल संरक्षण प्रणाली सुधार गर्नुपर्नेछ भने अर्कोतिर सम्बद्ध सबै सरकारी र गैरसरकारी क्षेत्रलगायत निजी क्षेत्रको पनि सहकार्य तथा संयुक्त प्रयासको आवश्यकता देखिन्छ । यस सिलसिलामा बालबालिकासम्बन्धी विभिन्न सामाजिक सुरक्षाका कार्यहरुलाई बाल संरक्षण प्रणालीमा आवद्ध गरी जोखिम तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनार्थ विभिन्न कार्यहरुबाट सम्बोधन गरिनेछ । स्थानीय र प्रदेश सरकारका सम्बद्ध निकायहरुमा बालबालिकाको घटना व्यवस्थापनको कार्यहरु आन्तरिकीकरण नहुञ्जेल राष्ट्रिय बाल अधिकार परिषद्ले आवश्यकतानुसार घटना व्यवस्थापन तथा मानवीय वा आपतकालीन सहयोग गर्नेछ । यस परिषद्ले सडक बालबालिका, अनाथ बालबालिका, यौन शोषण र दूर्व्यवहारजस्ता विषयलाई अभियान कै रुपमा सञ्चालनमा ल्याउनेछ भने बालश्रम, बालविवाह, अपाङ्गता भएका बालबालिकालगायतका विषयमा सहकार्य तथा योगदान गर्नेछ । विशेषगरी बाल संरक्षणअन्तर्गत निम्न विषयहरुमा विशेष ध्यान केन्द्रित गर्नेछ ।

**क. सडक बालबालिका:** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व र राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा नेपाल प्रहरी, काठमाण्डौं महानगरपालिका र विकासका साझेदार संस्थाहरुसंगको संयुक्त प्रयासमा काठमाण्डौं उपत्यकालाई सडक बालबालिकारहित शहर बनाउने उद्देश्य अनुसार अभियान कै रुपमा कार्यक्रम अगाडि बढिरहेको छ र अेपक्षित सफलता पनि हासिल भइरहेको छ । यस कार्यक्रमलाई निरन्तरता दिँदै अन्य ठूला शहरहरुलाई पनि सडक बालबालिकारहित शहर बनाउने कार्यलाई प्रदेश र स्थानीय सरकार र अन्य सरोकारवालाहरुको संयुक्त प्रयासमा अभियान कै रुपमा कार्यक्रम गर्नुपर्ने देखिएको छ । यस प्रयासबाट बालबालिका सुहाउँदो शहरहरु बनाउनमा योगदान पुग्नेछ ।

**ख. अनाथ बालबालिका:** केन्द्रीय तथ्याङ्क विभागको २०७१ को अध्ययन अनुसार दुवै आमाबाबु गुमाएका बालबालिकाको संख्या २३,१३२ रहेको देखाएको छ । यस्ता बालबालिका आफ्ना आमाबाबुको मायाममता र स्याहारबाट बञ्चित हुन्छन् । तीमध्ये अधिकांश आफ्नो आधारभूत अधिकारबाट बञ्चित भई कठीन अवस्थामा रहेका हुनसक्छन् । त्यसैले यस्ता बालबालिकाकोलागि सरकारले लालनपालन तथा संरक्षण गर्नुपर्दछ । राष्ट्रिय बाल अधिकार परिषद्ले यस्ता बालबालिकाको संरक्षण तथा अभिभावकत्वका लागि नीति र कार्यक्रम तर्जुमा गर्न प्रदेश र स्थानीय सरकारसंग पैरवी तथा सहजीकरण गर्नुपर्दछ । यसै क्रममा यस परिषद्ले केही रणनीतिक वा उदाहरणीय कार्य गर्न जरुरी छ ।

**ग. बालश्रम:** बालश्रम नेपालमा गम्भीर समस्याको रुपमा विगतदेखि नै रहिरहेको देखिएको छ । सामान्यतः गरिबी, बाल अधिकारबारेको जनचेतनामा कमि र पारिवारिक समस्या तथा विखण्डनका कारणले पनि बालश्रम निराकरणमा चुनौती देखा परेको छ । स्थानीय सरकार आफै बालश्रमका समस्याहरु प्रभावकारी रुपमा सम्बोधन गर्न सक्षम नहुञ्जेलसम्म यस परिषद्ले संघ, प्रदेश र केही

स्थानीय सरकारसंग विशेषगरी निकृष्ट किसिमका बालश्रम निराकरणका लागि उपयुक्त नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नकोलागि पैरवी तथा सहजीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**घ. बालबालिकाको बेचविखन, यौनशोषण तथा दूर्व्यवहार:** विगत दशकहरुदेखि नै यस्ता विषयहरुविरुद्धका चेतना जागरणलगायतका कार्यहरु भइरहेका छन् भने केही घटनाहरुको व्यवस्थापन गर्ने कार्यसमेत हुँदै आएको छ । बाल अधिकारविरुद्धका यी सवालहरु अति नै गम्भीर प्रकृतिको हुने हुँदा र प्रत्येक दिनजसो यस्ता घटनाहरु प्रकाशमा आई नै रहेको पाइएकोले यस परिषद्बाट यी समस्याहरु सम्बोधन गरी बाल संरक्षणमा थप ध्यान दिन अभियान कै रुपमा कार्यक्रम अगाडि बढाउन जरुरी देखिएको छ ।

**ङ. बालविवाह:** अध्ययनबाट कम्तिमा पनि २४ प्रतिशत किशोरीहरुको (१५-१९) विवाह हुने गरेको देखिएको छ । २०८७ सालसम्ममा बालविवाह अन्त्य गर्ने उद्देश्यले बालविवाह अन्त्यकालागि राष्ट्रिय रणनीति कार्यान्वयनमा रहेको छ । यस कार्यलाई थप जोड दिनु जरुरी छ र यस कार्यमा यस परिषद्ले सक्रिय योगदान दिन आवश्यक छ ।

**च. शारीरिक तथा मानसिक यातना:** बालबालिकाविरुद्ध शारीरिक र मानसिक यातना दिनु हुँदैन भन्ने जनचेतना बृद्धि हुँदै आएता पनि अझै विद्यालय, घरपरिवार तथा बालबालिका संलग्न हुने स्थानहरुमा यातना दिने कार्य व्याप्त नै छ । यसबाट बालबालिकाको दिमागमा दीर्घकालीन असर परिरहन्छ र उनीहरुको व्यक्तित्व विकासमा प्रभाव पार्दछ । यस विषयलाई मनन् गर्दै यस परिषद्ले तीनै तहका सरकार, विकासका साझेदार संस्थाहरु र नागरिक समाजसंगको समन्वय र सहकार्यमा बालबालिकामाथि हुने शारीरिक र मानसिक यातनाविरुद्धको कार्य अभियान कै रुपमा थालनी गर्नेछ ।

**छ. बालगृह अनुगमन तथा सहजीकरण:** दर्ता गरिएका मात्रै ५३३ वटा बालगृह, १५ वटा सामाजिकीकरण/सम्पर्क/पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेको पाइएको छ भने दर्ता नगरिकनै सञ्चालनमा रहेका यस्ता गृह वा केन्द्रको आँकलन गर्न सकिएको छैन । बालगृह सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०६९ अनुसार विगतदेखि बालगृहहरुको अनुगमन गरिँदै आएको छ र मापदण्ड अनुसार नरहेका तर सुधार गर्न सकिने खालका बालगृहलाई सुधारकालागि सुझाव दिने र अति दयनीय तथा बालहिंसासमेत भएको पाइएका बालगृहबाट बालबालिका उद्धार गरी परिवारमा पुनर्एकीकरण तथा संस्थागत पुनर्स्थापना गरिँदै आएको छ । कतिपय बालगृहहरुमा बालमैत्री वातावरणको विकास गर्न निकै प्रयास गर्नुपर्ने देखिएको छ । यस स्थितिलाई मनन् गरी यस परिषद्ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्वमा मापदण्ड पुनरावलोकन गर्ने लगायत बालगृहको सूचना व्यवस्थापन, अनुगमन, आवश्यकतानुसार बालबालिकाको उद्धार गर्ने, दयनीय स्थितिमा सञ्चालनमा रहेका बालगृहलाई सुधारकालागि सुझाव तथा सहजीकरण गर्ने जस्ता कार्य स्थानीय सरकारसंगको समन्वय र सहकार्यमा समेत गर्नेछ ।

**ज. घटना व्यवस्थापन:** बालबालिबाविरुद्धका विभिन्न घटनाहरु हुने गरेका छन् र जानकारी तथा उजरी परेका घटनाहरुको सम्बोधन गर्ने गरिएको छ । बालबालिकासम्बन्धी घटनाहरुको समाधान सक्दो चाँडो र उपयुक्त रुपमा गर्नुपर्दछ । घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शन समेत तयार गरिएको छ भने सोअनुसार पालिका, जिल्ला र प्रदेश स्तरमा सरोकारवालाहरुलाई तालिम प्रदान गर्ने गरिएको पनि छ । बाल संरक्षण प्रणाली सुधारकालागि यो अति आवश्यक प्रयास हो । त्यसैले यस परिषद्बाट घटना व्यवस्थापन तालिम लगायत संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध

निकायहरुसंगको सहकार्यमा समेत घटनाको सम्बोधन गर्न क्षमता विकास र सहजीकरण गर्नु आवश्यक देखिएको छ भने कतिपय स्थानीय तथा प्रदेश तहबाट र संघीय सम्बद्ध निकायबाट समाधानमा कठीनाई भएका घटनाहरुको सम्बोधन हुनुपर्ने देखिएको छ ।

**झ. बाल हेल्पलाइन (१०९८) र बालबालिका खोजतलास (१०४) सुदृढीकरणः** हराएका, बेवारिस फेला परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समस्या सम्बोधन गर्ने कार्यहरुमा बाल हेल्पलाइन (१०९८) र बालबालिका खोजतलास केन्द्र (१०४) ले महत्वपूर्ण कार्यहरु गरिरहेका छन् । हाल १२ वटा जिल्लाहरुमा गैरसरकारी संस्थाहरुले नेपाल सरकारको सहयोगमा समेत कार्य सञ्चालन गरिरहेका छन् भने नेपाल प्रहरीको व्यवस्थापनमा २४० वटा महिला तथा बालबालिका सेवा केन्द्र सञ्चालनमा रहेका छन् । भृकुटी मण्डपस्थित केन्द्रले केन्द्रीय सचिवालयको रुपमा काठमाण्डौं उपत्यकाभरि कार्य गरिरहेको छ । यस केन्द्रले हराएका र बेवारिसे रुपमा फेला परेका बालबालिकाको लागि आकस्मिक सेवा प्रदान गरको छ भने बाल हेल्पलाइनले घटनाको शुरुदेखि परिवार वा संस्थागत व्यवस्थापनसम्मको कार्य समग्र रुपमा गर्दै आएको छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकोलागि यी केन्द्रहरुको सेवा अतिनै महत्वपूर्ण रहेकोले विस्तार गर्नु आवश्यक रहेको छ । यसर्थ यी केन्द्रहरु सञ्चालनको मापदण्ड पुनरावलोकन गरी संस्थागत सुदृढीकरण हुन आवश्यक देखिएको छ ।

**ञ. बाल संरक्षण तथा सम्बोधनको अनुगमनः** विभिन्न मन्त्रालयहरुबाट बालबालिकासम्बन्धी कार्यक्रम र सामाजिक सुरक्षाअन्तर्गत बालबालिकाकालागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । एकातिर यी कार्यक्रमहरुको अनुगमन र सुदृढीकरण गर्नु जरुरी रहेको छ भने अर्कोतिर ती कार्यक्रमहरुलाई बालकेन्द्रित तवरबाट मुलप्रवाहीकरण गर्नु आवश्यक छ । यसकालागि विद्यमान बाल संरक्षण प्रणालीको नै सुदृढीकरण गर्नुपर्दछ । यो स्थितिलाई मध्येनजर राखी यस परिषद्ले संघ, प्रदेश र स्थानीय तहसंग समन्वय तथा सहकार्य गरी बाल संरक्षणसंग सम्बन्धित कार्यहरुको पुनरावलोकन गरी आवश्यक सुधार गर्न प्रयास गर्नेछ र यस्ता कार्यहरुको अनुगमन गर्नेछ । यस प्रयासको क्रममा बाल अधिकार महासन्धिका प्रावधानहरु र दीगो विकास लक्ष्यको बालबालिकासम्बन्धी सूचकहरुलाई समेत ध्यानमा राख्नेछ ।

**कार्य क्षेत्र ६ः आम चेतना जागरणः** बालबालिकाको विषयबारे आम चेतना जागरण कार्य निरन्तर रुपमा चल्नुपर्ने कार्य हो । समग्र बाल अधिकारबारे - बालश्रम, बालविवाह, बेचविखन तथा गैरकानुनी ओसारपसार, यौनशोषण र दूर्व्यवहारलगायत सबै प्रकारका हिंसा, अपाङ्गता, शारीरिक तथा मानसिक यातना, बालगृह, बालबालिकाकालागि उपलब्ध सेवासुविधा, बालबालिकाको हेरविचार, आदिबारे व्यापक रुपमा चेतना जागरणका कार्यहरु गरिनेछ ।

**कार्य क्षेत्र ७ः अनुगमन, मुल्याङ्कन/अध्ययन र सूचना व्यवस्थापनः** बालबालिकासम्बन्धी सरकारी र गैरसरकारी क्षेत्रबाट उपलब्ध हुने र अध्ययन कार्य गरी सङ्कलन गरिने सूचना तथा तथ्याङ्कहरु राष्ट्रिय बाल अधिकार परिषद्मा व्यवस्थित, खण्डीकृत तथा अध्यावधिक गरिनेछ । यस कार्यकालागि यस परिषद्मा सूचना व्यवस्थापन कार्यमा सुधार गरिनेछ ।

## २.४ स्रोत व्यवस्थापन

राष्ट्रिय बाल अधिकार परिषद्ले आफ्नो कार्यादेशअनुसार कार्य गरी बाल संरक्षण र अधिककारका विषयहरुलाई नतिजामूलक ढङ्गबाट कार्यान्वयन गर्न निम्नानुसार आर्थिक स्रोत व्यवस्थापन गर्ने अठोट लिएको छ -

- संघ, प्रदेश र स्थानीय सरकारबाट बालबालिकाका लागि लगानी बृद्धि गर्न पैरवी गर्ने ।
- संयुक्त राष्ट्रसंघीय निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसंग कार्यक्रमको साझेदारी अभिबृद्धि गर्ने ।
- बहुपक्षीय, द्विपक्षीयलगायत विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता संस्थाहरुसंग कार्यक्रम सहयोगका लागि पैरवी तथा अनुरोध गर्ने ।
- स्वदेश र विदेश स्तरबाट परियोजनाको प्रस्ताव आह्वान गर्दा प्रतिस्पर्धा गरी परियोजना सञ्चालन गर्न प्रयास गर्ने ।
- निजी क्षेत्रसंग सहकार्य तथा कार्यक्रम सहयोगका लागि छलफल तथा अनुरोध गर्ने ।


## २.५ कार्यान्वयन व्यवस्थापन

नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ मा संघमा राष्ट्रिय बाल अधिकार परिषद् एवम् प्रदेश बाल अधिकार समिति तथा र स्थानीय बाल अधिकार समितिको व्यवस्था गरेको छ । यस अनुसार राष्ट्रिय बाल अधिकार परिषद् स्थापना भइसकेको छ भने प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति यथाशक्य चाँडो गठन हुने अपेक्षा गरिएको छ । ऐनमा स्थानीयले प्रदेश र प्रदेशले संघमा आवधिक प्रतिवेदन प्रस्तुत गर्ने केही विषय उल्लेख छ । यी तीन संस्थागत संरचनाबीच कार्यक्रम अन्तरसम्बन्धका विषयहरु स्पष्ट रुपमा उल्लेख भएको छैन । तर नियमावलीमा केही स्पष्ट हुने सम्भावना रहेको छ ।

राष्ट्रिय बाल अधिकार परिषद् विकास प्रक्रियामा बाल अधिकार सुनिश्चित गर्ने सिलसिलामा बाल अधिकारका विषयहरु सम्बोधन गर्ने कार्यमा बहुक्षेत्रगत सरोकारवालाहरु संग पैरवी, समन्वय, सहजीकरण र अनुगमन कार्य गर्नका लागि विशिष्टिकृत संस्था हो । यस क्रममा यस परिषद्ले बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ उन्मुख हुन र यस रणनीतिक दिशा निर्देशको मर्ममा न्युनतम साझा बुझाई विकास गर्दै प्रदेश एवम् स्थानीय बाल अधिकार समितिको क्षमता विकास गर्न सर्वप्रथमतः आफ्नै क्षमता विकास गर्ने कार्य गर्नेछ ।

तीनै संरचनाले स्वतन्त्र रुपमा कार्य गर्ने व्यवस्था भएको हुँदा परिषद्ले प्रदेश र स्थानीय तहमा कायहरु गर्नुपर्दा तत्तत् सरकारसंग समन्वय तथा सहकार्यमा कार्य गर्नेछ भने प्रदेश तथा स्थानीय तहको सम्बन्धित संस्थाहरुको क्षमता विकास गर्ने कार्यमा सहजीकरण गर्नेछ । बालगृह, बाल हेल्पलाइन, बालबालिका खोजतलास, घटना व्यवस्थापन कार्यमा तत्तत् सरकारको व्यवस्थापनका लागि समेत सहजीकरण तथा पैरवी परिषद्ले गर्नेछ । परिषद्बाट सञ्चालन गरिने कार्यक्रम तथा परियोजनाको नेतृत्व परिषद्बाट गरी सम्बद्ध सरकारसंग समन्वय गर्नेछ ।

## २.६ संस्थागत संरचना




पछि संशोधन गरिने

## २.७ अपेक्षित नतिजाहरु

क. बाल अधिकारको दृटिकोणबाट बालबालिकासम्बन्धी कानुन, नीति र संस्थागत संरचनामा सुधार भएको हुने ।

ख. बाल संरक्षण प्रणालीमा सुधार भएको हुने र बालबालिकाकालागि सेवासुविधामा अभिबृद्धि भएको हुने ।

- समुदायमा उपलब्ध सेवासुविधामा बालबालिकाको पहुँच बृद्धि भएको हुने ।
- काठमाण्डौं उपत्यका र अन्य ठूला शहरहरु बालमैत्री घोषणा भएको हुने ।
- बालगृहको सूचना व्यवस्थापन, अनुगमन र सहजीकरण सुदृढ हुने ।
- बाल हेल्पलाइन (१०९८) र बालबालिका खोजतलास केन्द्रको क्षमता विकास भई जोखिममा परेका बालबालिकाको समस्या समयमै उचित रुपमा सम्बोधन भएको हुने ।
- बालबालिकाविरुद्धका शारीरिक तथा मानसिक यातना घटेको हुने ।

ग. सरकारको सबै तहको योजना र कार्यक्रममा बालबालिकाको विषयले प्राथमिकता पाएको हुने ।

घ. राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश र स्थानीय तहमा बालबालिकासम्बन्धी सूचना व्यवस्थापन दुरुस्त भएको हुने ।

ङ. सूचकसहित सबै तहमा अनुगमन व्यवस्था सुदृढ भएको हुने ।

च. सामान्तः सबै बालबालिकाको र विशेषगरी जोखिममा रहेका बालबालिकाको जीवन सुधार भएको स्थिति हुने ।

## २.८ अनुगमन, प्रतिवेदन, मुल्याङ्कन र संप्रेषण

- कार्यक्रम तथा परियोजनाको लगानी, प्रक्रिया र प्रतिफल तहको अनुगमन सम्बन्धित एकाईबाट नियमित रुपमा हुने र कार्यकारी निर्देशकलाई प्रतिवेदन गर्नेछ ।
- परिषद्का प्रतिनिधि र कार्यकारी निर्देशकबाट प्रदेश र स्थानीय तहसंगको समन्वयमा कम्तिमा वर्षको एक पटक नमुना छनौटको आधारमा स्थलगत अनुगमन हुनेछ ।
- प्रदेश र स्थानीय तहको सम्बद्ध निकायबाट तत्तत् तहबाट भएको प्रयासको अनुगमन हुनेछ र सोको प्रतिवेदन अर्धवार्षिक र वार्षिक रुपमा स्थानीय तहबाट प्रदेश बाल अधिकार समिति र प्रदेशबाट राष्ट्रिय बाल अधिकार परिषद्मा पेश हुनेछ ।
- राष्ट्रिय बाल अधिकार परिषद् एवम् प्रदेश र स्थानीय बाल अधिकार समितिबाट बालबालिकाको स्थिति प्रतिवेदन वार्षिक रुपमा प्रकाशन र संप्रेषण गर्नेछ ।
- अनुगमन व्यवस्थित गर्न अनुगमन खाका तयार गरिनेछ ।
- राष्ट्रिय बाल अधिकार परिषद्ले आवश्यकता अनुसार अध्ययन कार्य गरी संप्रेषणको व्यवस्था गर्नेछ ।

## २.९ हाललाई तीन वर्षको अनुमानित बजेट

| क्रसं | मुख्य कार्यक्रम | कूल बजेट | २०७७/७८ | २०७७/७८ | २०७७/७८ |
|---|---|---|---|---|---|
| १ | पैरवी, समन्वय र सहजीकरण | २२,२००,००० | ७,८००,००० | ७,९००,००० | ६,५००,००० |
| २ | नीति र मापदण्ड निर्माण | ९,०००,००० | ३,०००,००० | ४,१००,००० | १,९००,००० |
| ३ | क्षमता विकास | २६,७००,००० | ८,८००,००० | ९,८००,००० | ८,१००,००० |
| ४ | बाल संरक्षण प्रणाली सुदृढीकरण | १७०,१००,००० | ५५,५००,००० | ६२,३००,००० | ५२,३००,००० |
| ५ | बाल संरक्षण सम्बोधन | १४९,९००,००० | ५१,९००,००० | ४८,९००,००० | ४९,१००,००० |
| ६ | बालगृह अनुगमन तथा व्यवस्थापन | २५,३५०,००० | ८,४५०,००० | ८,४५०,००० | ८,४५०,००० |
| ७ | आम चेतना जागरण | १९,७००,००० | ६,९००,००० | ६,५००,००० | ६,३००,००० |
| ८ | सूचना व्यवस्थापन, अनुगमन, अध्ययन, प्रतिवेदन, आदि | ३३,३००,००० | ११,१००,००० | ११,१००,००० | ११,१००,००० |
| ९ | सञ्चालन | ३६,१५०,००० | १२,०५०,००० | १२,०५०,००० | १२,०५०,००० |
| | कूल जम्मा | ४९२,४००,००० | १६५,५००,००० | १७१,१००,००० | १५५,८००,००० |